



For a complete list of flyers click here
or visit us online

www.**islamic**ic.com/flyers

سبيلك للسلام

*Your Path To Peace..*

# कुरान

## मानिसको लागि ईश्वरको अन्तिम संदेश

7 - NEPALI | (5/10) القرآن | FREE COPY



*Your Path To Peace..*

Dar Al Ber Society
www.daralber.ae

مركز المعلومات الإسلامي
Islamic Information Center

www.islamicic.com

تصريح رقم: (2017/139) دائرة الشؤون الأسلامية والعمل الخيري

# कुरान के हो ?

## ईश्वरको वाणी

कुरान संदेष्टा मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) माथि देवदूत जिब्रीलको मार्फत अवतरित गरिएको ईश्वर (अरबी भाषामा अल्लाह) को विशुद्ध वाणी हो ।

यो कुरानको अवतरण सबै माथि प्रभुत्वशाली र सबैभन्दा विवेकशील अल्लाहको तर्फबाट हो । (कुरान ३९ :१)

## मानवताको लागि मार्गदर्शन

यो कुरान "सम्पूर्ण मानवताको लागि मार्गदर्शन हो ..... र भिन्नता छुट्याउन हो (सही र गलत को बीचमा)" । (कुरान २ :१८५)

यसले सही र गलतको बीचमा अन्तर छुट्याउन मानिसलाई मार्गदर्शन गर्दछ जसको अभावमा मानिस निश्चय नै घाटामा हुने थियो ।

### ईश्वरको अन्तिम प्रकाशना (संदेश)

कुरान सर्वशक्तिमान अल्लाह (ईश्वर) को अन्तिम धर्मग्रन्थ हो जसले यस भन्दा अघि अवतरित भएका धर्मग्रन्थमा केही मात्रामा बाँकी रहेका सत्य कुराहरुको पुष्टि गर्छ र ती धर्मग्रन्थका यो जमानाको संस्करणमा रहेका मनगढन्ते कुराहरु तथा मिसावटलाई खण्डन गर्ने र सच्याउने काम गर्दछ ।

"हे धर्मग्रन्थ प्रदान गरिएका मानिसहरु ! मैले अवतरण गरेको त्यो कुरामाथि विश्वास गर (ईमान ल्याउ) जसले तिमीसित (पहिले नै) भएका कुरालाई पुष्टि गर्छ ।"

(कुरान ४ :४७)

# कुरान कसरी अवतरित भएको थियो ?

कुरान मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) माथि अवतरित भएको थियो र अहिले सम्म यसको अस्तित्व उही वास्तविक भाषामा बाँकी छ जुन भाषामा यसको अवतरण भएको थियो र त्यो भाषा अरबी हो । तैपनि कुरानको अर्थको तर्जुमा संसारका विभिन्न भाषाहरुमा उपलब्ध छ ।

कुरानको अवतरण एउटा किताबको रुपमा एकैपटक भएको थिएन बरु यो अलिअलि गरि २३ वर्षको अवधिमा अवतरित भएको थियो ।

त्यसैले कुरानलाई सही तरीकाले बुझ्नको लागि यसका श्लोकहरु कुन परिस्थितिमा अवतरित भएका थिए भन्ने कुराको ज्ञान हुन जरुरी छ नत्र भने यसका शिक्षाहरुको बारेमा गलत बुझाई हुनसक्छ ।

# यो ईश्वर बाट नै अवतरित गरि थाहा हुन्छ ?

## संरक्षण

कुरान एकमात्र धर्मग्रन्थ हो जो कि लामो समय देखि संचालनमा छ फेरिपनि त्यति नै शुद्ध (सक्कली) छ जति यो अवतरित भएको बेला थियो । १४०० वर्ष अगाडि यसको अवतरण भएदेखि आजसम्म यसमा कुनैपनि कुरा मिसाइएको, झिकाइएको अथवा बदलिएको छैन ।

"निश्चितरुपमा मैले नै यो संदेश (कुरान) अवतरित गरेको छु र निश्चितरुपमा मैले नै (बिग्रन बाट) यसको रक्षा गर्नेछु ।" (कुरान १५ :९)

कुरान लिखितरुपमा मात्र हैन बरु पुरुषहरु, महिलाहरु तथा बच्चाहरुको दिलमा समेत संरक्षित छ। आजको समयमा लाखौं मानिसहरुले कुरानको एक-एक अक्षर कण्ठ गरेका छन् ।

## वैज्ञानिक चमत्कारहरु

कुरान आधुनिक विज्ञान सित बझिंदैन बरु झन् मेल खान्छ । कुरानको एउटा उल्लेखनीय पक्ष यो छ कि यसमा यस्ता विभिन्न आयातहरु (श्लोकहरु) छन् जसले भ्रूणविज्ञान, मौसम विज्ञान, अन्तरिक्ष विज्ञान, भूगर्भ विज्ञान तथा समुद्र विज्ञान जस्ता विज्ञानका विभिन्न विधाहरुमा उल्लेखित प्राकृतिक प्रक्रियाहरुलाई सही वर्णन गर्दछ । सातौं शताब्दीको एउटा धर्मग्रन्थमा गरिएका यी वर्णन वैज्ञानिकहरुका नजरमा अति सटीक वर्णन हुन् ।

वास्तवमा कुरानमा उल्लेख गरिएका वैज्ञानिक चमत्कारहरु तकनीकी यन्त्रहरुको आधुनिक विकास भइसकेपछि त्यसको प्रयोग बाट अहिले भर्खर मात्र पत्ता लगाइएको छ। तल दिइएका कुराहरु माथि अलि विचार गरौं :

"मैले उनीहरुलाई ब्रम्हाण्डमा र उनीहरु स्वयंको भित्र आफ्ना निशानीहरु देखाउने छु जबसम्म यो सत्य हो भन्ने कुरा उनीहरुलाई प्रष्ट हुँदैन ।" (कुरान ४१ :५३)

• कुरानले मानव भ्रण को विकासको बारेमा विस्तृत रुपमा वर्णन गरेको छ जबकि यी बेहोरा वैज्ञानिक समूदायलाई भर्खरै मात्र थाहा भएको हो। यो भन्दा अगाडि उनीहरुलाई यी कुराहरुको बारेमा कुनै ज्ञान थिएन ।

• कुरानले भन्छ सबै खगोलीय पिण्डहरु (तारा, ग्रह, उपग्रह आदि) धूलोको बादलले बनेका छन्। पहिले यो तथ्य कसैलाई थाहा थिएन तर यो तथ्य अब आधुनिक अन्तरिक्ष विज्ञानको निर्विवादित् सिद्धान्त बनिसकेको छ ।

• आधुनिक विज्ञानले एउटा बाधाको बारेमा पत्ता लगाएको छ जसले दुइटा समुद्रलाई आपसमा मिसिन त दिन्छ फेरिपनि तिनीहरुको तापमान, घनत्व तथा नुनिलोपनालाई कायम रहन दिन्छ। यो कुरा कुरानमा उल्लेखित् छ ।

ईश्वरका यी निशानीहरु कुरानमा १४०० अगाडि नै उल्लेख गरिएका छन् ।

# एको हो भन्ने कुरा मलाई कसरी

## अद्धितीयता

कुरान अवतरित भएदेखि कुनैपनि व्यक्तिले कुरान जस्तो सुन्दरता, वाकपटुता, भव्यता, विवेकशीलता, आगमवाणीहरु तथा अन्य अतुलनीय गुणहरु बोकेको एउटा अध्याय पनि रचना गर्नसकेको छैन ।

संदेष्टा मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) लाई उपेक्षा गर्ने व्यक्तिहरुले यो चुनौतीलाई पूरा गर्न सकेनन् जबकि तिनीहरु कुरानको भाषा (अरबी) मा अत्यन्तै सिपालु थिए । यो चुनौतीलाई आजसम्म कसैले पूरा गर्नसकेको छैन

"आफ्नो सेवक तिर मैले जे अवतरित गरेको छु यदि तिमीलाई त्यसमा कुनै शंका छ भने यसको जस्तो एउटा अध्याय ल्याएर देखाउ र अल्लाह बाहेक तिम्रा अरु साक्षीहरु लाई डाक यदि तिमी साँचो हौ भने ।"(कुरान २ :२३)

## कुनै विरोधाभास छैन

कुनैकुरा लेख्दा, एउटा लेखकले आफ्नो लेखनमा शब्द र व्याकरणमा त्रुटी, कथनमा विरोधाभास, गलत तथ्य, जानकारी मेट्टिएको जस्ता अन्य विभिन्न गल्तीहरु गरेकै हुन्छ ।

जलको चक्र, भ्रूण विज्ञान, भूगर्भ विज्ञान र अन्तरिक्ष विज्ञान आदिको सम्बन्धमा वैज्ञानिक व्याख्या होस् ; ऐतिहासिक तथ्य र घटनाहरुको बारेमा बयान होस् अथवा कुनै भविष्यवाणी होस्, कुरानको कुनै पनि कुरामा कुनै विरोधाभास (त्रुटी) छैन ।

"यदि अल्लाह बाहेक अरु कसैको तिरबाट भएको भए उनीहरुले यस (कुरान) मा थुप्रै विरोधाभासहरु पाउने थिए (कुरान ४ :८२)

## मुहम्मद ले यस (कुरान) लाई आफैं लेखेको हुनसक्दैन र ?

ऐतिहासित रुपले संदेष्टा मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) एउटा अशिक्षित व्यक्तिको रुपमा चिनिनु हुन्थ्यो ; उहाँलाई लेख्न र पढ्न आउँदैनथ्यो । उहाँ कुनै पनि यस्तो विधामा शिक्षित हुनुहुँदैनथ्यो जो यस महान किताबको वैज्ञानिक र ऐतिहासिक सटीकता अथवा यसको भाषिक सुन्दरताको कारका बन्न सकोस् । कुरानमा बयान गरिएका पहिलेका मानिस र सभ्यताहरुको ऐतिहासिक वर्णन कुनै पनि मानिसको बयानको क्षमता भन्दा बाहिर छ ।

"यो कुरान यस्तो छैन जसलाई अल्लाह बाहेक अरु कसैले रचना गर्न सकोस् ।" (कुरान १० :३७

# अवतरणको उद्देश्य

## एकमात्र वास्तविक ईश्वर माथि विश्वास गर्न

" र तिम्रो ईश्वर एकमात्र ईश्वर हो । ऊ बाहेक अरु कोही ईश्वर छैन, परमदयालु , पटकपटक दया गर्ने ।" (कुरान २ :१६३)

एकमात्र वास्तविक ईश्वर माथि आस्था राख्नु कुरानमा उल्लेख गरिएको सबैभन्दा महत्वपूर्ण विषय हो । ईश्वरले हामीलाई सूचित गर्छ उसको कुनैपनि साझेदार, कुनै पुत्र, कुनैपनि समकक्ष छैन र ऊ बाहेक अरु कसैलाई पूजा गरिने अधिकार छैन । कुनैपनि कुराको तुलना ईश्वरसंग गर्न सकिंदैन र उसको कुनैपनि सृष्टि ऊ समान छैन । कुरानले मानवीय गुणहरु र सीमिततालाई ईश्वर माथि दोष लगाउने विचारलाई समेत अस्विकार गर्छ ।

## सबै झूठा उपास्यहरुलाई अस्वीकार गर्न

" र अल्लाहको उपासना गर र उसको साथमा कसैलाई पनि साझेदार नबनाउ ।" (कुरान ४:३६)

एक अल्लाह मात्र पूजा-उपासनाको लायक भएकोले झूठा उपास्य र ईश्वरहरु को त्याग गर्नु पर्छ । कुरानले अलौकिक ईश्वरीय गुणहरु लाई अल्लाह बाहेक कुनै व्यक्ति अथवा कुनै कुरालाई प्रदान गर्ने कामलाई पनि मनाही गर्दछ ।

## विगतका कथाहरुलाई बयान गर्न

कुरानले लाभदायक अर्ती बोकेका विभिन्न वृतान्तहरु बयान गर्छ । यी वृतान्तहरुमा पहिलेका संदेष्टाहरु जस्तै आदम, नूह, इब्राहीम, ईसा (येशु), मूसा (मोसा) आदिका साँचो कथाहरु बयान गरिएका छन् । यी कथाहरुको बारेमा अल्लाहले भन्नुहुन्छ :

"निश्चय नै यी कथाहरुमा बुद्धिमानहरुका लागि निशानी छ ।" (कुरान १२ : १११ )

## न्यायको दिनको बारेमा हामीलाई सम्झना गराउन

सबैले एक दिन मृत्युको स्वाद चाख्ने छन् र सबैलाई उनको सम्पूर्ण कर्म र वचनको बारेमा जिम्मेवार ठहराइने छ भन्ने कुरा बारेमा यो किताबले हामीलाई सम्झना गराउँछ :

" मैले न्यायको दिन न्यायको तराजु स्थापित गर्छु ताकि कुनैपनि आत्मा लाई अलिकति पनि अन्यायको साथमा व्यवहार नगरियोस् ......... ।" (कुरान २१ :४७)

## ईश्वरद्वारा अभिप्रेरित तरीकाले जीवन जिउन

महत्पूर्ण कुरा के छ भने एकमात्र ईश्वर (अल्लाह) को उपासना गर्नु र उसैले निश्चित गरेको जीवन शैली अनुसार आफ्नो जीवन जिउनु जीवनको उद्देश्य हो भन्ने कुरा कुरानले सिकाउँछ । इस्लाममा इबादत (उपासना) यस्तो शब्द हो जसले हरेक कर्म र वचन (व्यक्तिगत अथवा सार्वजनिक) लाई समेट्छ जसलाई अल्लाहले मन पराउनुहुन्छ अथवा त्यसबाट अल्लाह खुशी हुनुहुन्छ । त्यसैले अल्लाहले आज्ञा गरे अनुसार काम गरेर मानिसले अल्लाहको इबादत गरिरहेको हुन्छ र आफ्नो जीवनको अभिप्राय पूरा गरिरहेको हुन्छ । कुरान अनुसार निम्नलिखित कुराहरु इबादत (उपासना) का उदाहरण हुन् :

**नमाज पढ्नु (प्रार्थना गर्नु) :** " हे आस्थावानहरु ! झुक र ढोग र आफ्नो पालनकर्ताको उपासना गर ताकि तिमीहरु सफल हुन सक ।" (कुरान २२ :७७)

**दान गर्नु :** " .... र खर्च गर, यो तिमीहरुका आत्माको लागि राम्रो हो ; र जो पनि आफ्नो आत्माको छुच्चोपना बाट जोग्यो निश्चय नै ऊ नै सफल हो ।" (कुरान ६४ :१६)

**इमानदार हुनु :** " सत्यलाई असत्यले नढाक न त सत्यलाई लुकाउ जबकि तिमीलाई (त्यो) थाहा छ ।" (कुरान २ :४२)

**चरित्रवान बन्नु :** "आस्थावान पुरुषहरुलाई आफ्नो नजर तल राख्न र आफ्नो लाज (गुप्ताङ्ग) को रक्षा गर्न भन र आस्थावान महिलाहरुलाई आफ्नो नजर तल राख्न र आफ्नो लाज (गुप्ताङ्ग) को रक्षा गर्न भन ।" (कुरान २४ :३०-३१)

**कृतज्ञ हुनु :** "अल्लाहले तिमीलाई तिम्रो आमाको गर्भबाट उत्पन्न गर्यो -- तिमीहरु केहीपनि जान्दैनथ्यो -- र उसले तिमीलाई सुन्ने क्षमता र दृष्टि र हृदय दियो ताकि तिमीहरु कृतज्ञ होऊ ।" (कुरान १६ :७८)

**न्यायी हुनु :** " हे आस्थावानहरु ! अल्लाहको साक्षीको रुपमा न्यायको लागि दृढताले उभ ; चाहे यो तिम्रो विरुद्धमा होस् अथवा तिम्रो आमाबुवाको अथवा तिम्रो नातेदारको, र चाहे त्यो धनीको (विरुद्धमा) होस् अथवा गरीबको .... (कुरान ४ :१३५)

**धैर्यवान हुनु :** " र धैर्य धारण गर किनभने अल्लाहले राम्रो काम गर्नेहरुको पुरस्कार (प्रतिफल) लाई गुम्न दिंदैन ।" (कुरान ११ :११५)

**असल काम गर्नु :** " अल्लाहले आस्था राख्ने र राम्रो कर्म गर्नेलाई क्षमा र ठूलो पुरस्कारको वाचा गर्नुभएको छ ।" (कुरान ५ :९)

## निष्कर्ष

संक्षेपमा कुरानले मानिसहरुलाई कसरी एकमात्र वास्तविक परमेश्वरको उपासना गर्नु ताकि जीवनको वास्तविक उद्देश्य पूरा होस् र यो संसार तथा परलोक दुइटैमा सफलता होस् भन्ने कुरा कुरानले सिकाउँछ ।

" निश्चय नै तिमीमाथि मैले (हे मुहम्मद) सम्पूर्ण मानवताको लागि यो किताब अवतरित गरेको छु। त्यसैले जसले पनि मार्गदर्शन लाई स्वीकार गर्छ त्यो उसको आफ्नै लागि मात्र हो र जसले पनि बाटो बिराउँछ उसको आफ्नै घाटाको लागि मात्र हो ।" (कुरान ३९ :४१)

के यो किताब (कुरान) एकपटक पढ्न तपाईं स्वयंको ऋणी हुनुहुँदैन ?

www.islamicic.com WhatsApp +97156 2042 045
+971 4 3555 223 info@islamicic.com 25020 Dubai - UAE islamicicdxb
DONATIONS VIA SMS: SEND THE WORD "ISLAM" TO
10 AED 2289 Etisalat Du | 50 AED 2252 Etisalat Du | 100 AED 6027 Etisalat Du